बैठक संख्याः १७।२०८०
बैठक मितिः २०८०।०६।३०, समयः दिनको १:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु :**

१. प्रस्ताव नं. १ : अस्पताल निर्माणको म्याद थप सम्बन्धमा ।
२. प्रस्ताव नं. २ : योजनाको त्रुटी सच्याउने सम्बन्धमा |
३. प्रस्ताव नं. ३ : लागत सहभागिताको रकम फिर्ता सम्बन्धमा |
४. प्रस्ताव नं. ४ : विविध सम्बन्धमा।

**निर्णयहरु :**

**निर्णय नं. १**

आ.व. ०७७|०७८ मा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तर्गत रामधुनी नगरपालिका वडा नं.-६,बक्लौरी स्वास्थ्य चौकी स्तरोन्नतीका लागि १५ शैय्याको प्राथमिक अस्पताल निर्माण गर्ने कार्यका लागि मिति २०७८|०१|३० गते अन्नपूर्ण राष्ट्रिय दैनिकमा ठेक्का नं. RMY/NCB/BUILDING/07-077/078 (Construction of Primary Hospital (15-Bed) at Ramdhuni Ward-6) को लागि बोलपत्र आव्हानको सूचना प्रकाशित भई मिति २०७८|०७|०१ गते श्री भुमि-बुद्ध-ओम बुद्ध जे.भी.,बिराटनगर मोरंगसँग रकम रु.१०,४१,००,४१०|८२ पैसा (दश करोड एकचालीस लाख चार सय दश रुपैया बेरासी पैसा) मू.अ.कर र पी.एस. समेतमा मिति २०८०|०३|१० भित्र कार्य सम्पन्न हुने गरी ठेक्का सम्झौता भएकोमा कार्य प्रगति सन्तोषजनक नभएको र कार्यालयबाट पटक पटक मौखिक तथा लिखित जानकारी गराउदा समेत उक्त निर्माण व्यवसायीको तर्फबाट उक्त योजनाको अख्तियारनामा प्राप्त श्री भुमि इन्फ्रास्ट्रकचर प्रा.लि.का प्रबन्धक श्री भावेश बोहरा सम्पर्कमा नआई उक्त योजना अलपत्र पारेकोमा उक्त जे.भी.को तर्फबाट बुद्ध कन्स्ट्रक्सन प्रा.लि. को राकेश कुमार श्रेष्ठ र ओम बुद्ध इन्जिनियरिंग प्रा.लि. को निल प्रसाद घिमिरेद्वारा हस्ताक्षर गरी मिति २०८०|०३|०८ को पत्र मार्फत हामी योजना निर्माण कार्य अगाडि बढाउने भनी जानकारी गराएकोमा कार्यालयको तर्फबाट च.नं.२२५५ मिति २०८०|०३|११ को पत्रबाट निजहरुलाई सो योजना पुरा गर्ने सम्बन्धमा छलफल गर्न ३ (तीन) दिन भित्रमा कार्यालयमा उपस्थितिको लागी जानकारी गराएकोमा निजहरुले सोहि जे.भी. को लेटरप्याडमा हस्ताक्षर गरी मिति २०८०|०३|१२ मा बाहिर भएकोले पछि सम्पर्कमा आउने भनि जानकारी पठाएको |

बैठक संख्याः १७।२०८०
बैठक मितिः २०८०।०६।३०, समयः दिनको १:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

मिति २०८०|०३|२४ मा नगर उपप्रमुख, प्र.प्र.अ. सहित कर्मचारी एवं ओम बुद्ध इन्जिनियङ्ग प्रा. लि. का निल प्रसाद घिमिरेसंग बैठकमा निर्माण व्यवसायीको तर्फबाट Revised Work Schedule सहित प्रतिवद्धता पत्र आएको खण्डमा म्याद थपको लागि नगर कार्यपालिकाको निर्णय बमोजिम प्रक्रिया आगाडि बढाउने भनी निर्णय भएको । ओम बुद्ध इन्जिनियङ्ग प्रा. लि. का निल प्रसाद घिमिरेद्वारा हस्ताक्षर गरी रनिङ्ग बील भुक्तानीमा ढिलाई भएको, बर्षातले बाधा गरेको, निर्माण सामाग्रीको अभाव, निर्माण व्यवसायीतर्फको अख्तियारी प्राप्त व्यक्ति भावेश बोहरा सम्पर्क विहिन भएको कारणले सम्झौता म्याद भित्र कार्यसम्पन्न गर्न नसकिएकोले म्याद थप गरिदिन अनुरोध पत्र पठाएको । ओम बुद्ध इन्जिनियरिंग प्रा.लि. को निज निल प्रसाद घिमिरेबाट हस्ताक्षरित मिति २०८०|०४|२२ गतेको पत्र मार्फत थप आर्थिक व्ययभार नपर्ने गरी संसोधित कार्यतालिका, कार्य सम्पन्नको सम्पूर्ण कार्यको जिम्मेवारी लिने प्रतिवद्धताको जानकारी गराएको । मिति २०८०|०५|०५ को नगर कार्यपालिका बैठकको निर्णय नं. १३ मा २०८१|०३|३० सम्म म्याद थपको सहमतिको लागि स्वास्थ्य मन्त्रालयमा सिफारिस गरी पठाउने भनि निर्णय भई मन्त्रालयलाई पत्राचार गरिएकोमा मन्त्रालयबाट जवाफ प्राप्त नभएको र रामधुनी नगरपालिका कार्यालयबाट राष्ट्रिय दैनिक गोरखापत्रमा मिति २०८०|०६|१७ गते निर्माण व्यवसायी श्री भुमि - बुद्ध- ओम बुद्ध जे.भी. विराटनगर, मोरंगलाई सम्पूर्ण साझेदारहरुका आधिकारिक व्यक्ति स्पष्टीकरण सहित उपस्थित हुने बारेको ७ दिने सूचना प्रकाशन गरिएकोमा ओम बुद्ध इन्जिनियरिङ्ग प्रा.लि. को निल प्रसाद घिमिरेले मात्र म्याद थप भएमा उक्त निर्माण कार्य सम्पन्न गर्ने भनि मौखिक जानकारी गराएकोले निर्माण व्यवसायीको तर्फबाट कार्य सम्पादन जमानतको बैंक ग्यारेन्टी र वीमाको म्याद थप गरी संसोधित कार्य तालिका सहित कार्य सम्पन्न गर्ने प्रतिवद्धता र म्याद थप भएमा कुनै किसिमको थप आर्थिक दावी नगर्ने भनि स्पष्टिकरणसाथ कार्यालयमा उपस्थित भएमा नगर कार्यपालिकाको कार्यालयबाट म्याद थपको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. २

रामधुनी नगरपालिकाको आ.व. ०७८|०७९ मा (ठेक्का नं. RMY/SQ/ROAD/०७/०७८/०७९) Jhumka Bazar Rajmarg Dekhi Tharu Kalyankari Shabha Samma bato marmat tatha seal coat,ward no.5 मर्मत गर्ने कार्यका लागि श्री अम्बिका कन्स्ट्रक्सनसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न पश्चात त्रुटी सच्याउने अबधि मिति २०८०|०५|३० भित्र त्रुटी नसच्याइएकोले मिति २०८०|०६|२२ गतेको प्राविधिक फिल्ड निरीक्षण प्रतिवेदन साथ प्राप्त भएको त्रुटी सच्याउन लाग्ने लागत अनुमान बमोजिमको रकम रु.८८,३०१|४४ (अठासी हजार तिन सय एक रुपैया चौवालिस पैसा) मू.अ.कर

सहितको लागत अनुमान पेश हुन आएकोले सो बाटोको त्रुटी सच्याउनको लागि उल्लेखित ठेक्काको रिटेंसन बापत कट्टा गरिएको रकम रु.२२,२८५।- (बाइस हजार दुई सय पचासी) र अपुग हुने रकम रु.६६,०१६।४४ (छैसठी हजार सोह रुपैया चौवालिस पैसा) सोहि आ.व. मा सोहि निर्माण ब्यबसायीसँग सम्झौता गरि संचालन भएको वडा नं. १ स्थित फारम देखि मोहनपुर जाने सडक कालोपत्रे निर्माण योजनामा कट्टा गरेको रकम रु.८६,६६६।- (छियासी हजार छ सय छैसठी) मध्येबाट जफत गरी जम्मा रु.८८,३०१ ।४४ (अठासी हजार तिन सय एक) बाट ल.ई. बमोजिमको त्रुटी सच्याउनका लागि निर्माण ब्यबसायी सहमत भएकोले सो रकम रु.८८,३०१ ।४४ (अठासी हजार तिन सय एक रुपैया चौवालिस पैसा) जफत गरी योजनाको त्रुटी सच्याउने कार्यालयबाट भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

रामधुनी नगरपालिकाको आ.व. ०७९।०८० मा (ठेक्का नं. RMY/NCB/ROAD/03/079/080) Baithar Pipra bat pani tanki hudai mulbatokaalopatre,Ramdhuni-3 योजना निर्माण कार्यका लागि श्री डिग्री निर्माण सेवा इनरुवा -३ ,सुनसरीसँग मिति २०७९।०९।०१ मा भएको सम्झौता बमोजिम उक्त निर्माण सेवाले गरेको Asphalt Concrete को ल्याब परीक्षण श्री ज्योति माध्यमिक विद्यालय बाट भई ईमेल मार्फत प्राप्त भएको ल्याब परीक्षण प्रतिबेदन नतिजामा Percentage of Binder Content 2.5% मात्र उल्लेख भई आएको हुँदा मिति २०८०।०३।१५ गतेको कार्यपालिकाको निर्णय बमोजिम सो कार्य स्वीकार गर्न नसकिने भएको हुँदा Asphalt Concrete पुनः गर्न लगाउने निर्णय भएकोमा निर्माण व्यवसायीबाट पुनः ल्याब परीक्षणका लागि माग भई मिति २०८०।०३।२१ गते श्री सडक डिभिजन कार्यालय विराटनगर, प्रयोगशाला इटहरी, सुनसरीलाई ल्याब परीक्षण को लागि अनुरोध गरिएकोमा सो प्रयोगशालावाट मिति २०८०।४।२५ गते १० वटा नमुना संकलन गरी लगिएकोमा जम्मा एउटा नमुना को मात्र परीक्षण गरी मिति २०८०।०४।२६ मा ल्याब परीक्षणको नतिजा प्रतिबेदनमा Average Bitumin Content 5.38% उल्लेख भई आएको हुँदा पुनः यस कार्यालयबाट मिति २०८०।०५।१७ गते श्री मनमोहन प्राबिधिक विश्वविद्यालय, हातिमुड़ा, मोरंगलाई अनुरोध गरिएकोमा सो प्रयोगशालाबाट नमुना संकलन गरी लगी सो विश्वविद्यालयको च.नं.३८।०८०।०८१ मिति २०८०।०६।०१ गतेको ल्याब परीक्षण प्रतिबेदनमा Average Bitumin Content 4.74% उल्लेख भई आएकोमा सडक विभागबाट जारि भएको Standard Specifications for Road and Bridge Works बमोजिम Composition Qty. Bituninous Concrete

बैठक संख्याः १७।२०८०
बैठक मितिः २०८०।०६।३०, समयः दिनको १:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

Pavement Layers Table 13.31 बमोजिम ल्याब टेस्ट गर्दा ल्याब टेस्ट प्रतिबेदन अनुसार न्युनत्तम मापदण्ड 5.4% समेत पुरा हुन नसकेकोले सो निर्माण कार्य स्वीकारयोग्य नभएको राय सहितको प्रतिवेदन नगरपालिका कार्यालयको ई. श्री रजत अग्रवाल समेतको प्राविधिक कर्मचारीहरुबाट पेश हुन आएकोले सम्बन्धित निर्माण व्यवसायीलाई कार्यसम्पादन जमानतको बैंक ग्यारेन्टी र बिमाको म्याद थप गर्न लगाई सो बाटोको त्रुटी सच्याउन लगाउने निर्णय गरियो।

निर्णय नं. ४

आ.व. २०७४|०७५ मा विनियोजित बजेट रु.१४,५०,०००|-(चौध लाख पचास हजार) बाट रामधुनी नगरपालिका वडा नं. २ स्थित पर्शागाछी शिवनगर मार्ग कालोपत्रे गर्न पर्शागाछी शिवनगर मार्ग उपभोक्ता समितिसंग सम्झौता भएकोमा समिति मार्फत २०% लागत सहभागिता वापत मिति २०७४|०१|०४ मा रकम रु.२,८०,०००|-(दुई लाख अस्सी हजार) र मिति २०७४|०१|०९ मा रु.१०,०००|-(दस हजार) गरी रु.२,९०,०००|-(दुई लाख नब्बे हजार) नगरपालिकामा नगद जम्मा गरेको र उक्त समितिले न.पा. बाट रु.४,७८,५००|-(चार लाख अठहतर हजार पाँच सय) पेश्की लिएकोमा सो उपभोक्ता समितिले विभिन्न किसिमको वाधा अवरोधको कारणले उक्त कार्य गर्न नसकेको र पेश्की वापत लिएको रकम बेरुजु भई १०% जरिवाना समेत गरी समितिले ग. ४ स्थानीय तह संचित कोषको ०८९२०५००२७९०८०१२ खातामा मिति २०७७|११|२४ गते रु.५,६०,०००|-(पाँच लाख साठी हजार) जम्मा गरेको भौचर संलग्न राखी उपभोक्ता समितिले लागत सहभागिता वापत न.पा. मा जम्मा गरेको रकम हाल सम्म फिर्ता पाउन नसकेकोले लागत सहभागिता वापतको रकम फिर्ता निकाशा पाउन निवेदन दिएको र सो फिर्ता निकाशाको लागि नगर कार्यपालिकाको मिति २०७७|११|२६ गतेको बैठकबाट निर्णय समेत भएकोले सो रकम रु.२,९०,०००|- (दुई लाख नब्बे हजार) सम्बन्धित उपभोक्ता समितिलाई चालु आ.व. २०८०|०८१ मा समपुरक कोष शिर्षकमा विनियोजित रकम मध्येबाट फिर्ता निकाशा दिन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ५

रामधुनी नगरपालिकावाट संचालन गरिने रु.२,००,०००|- (दुई लाख) बजेट भन्दा माथिका योजनाहरुको कार्यान्वयन सम्बन्धमा नगर उप-प्रमुखको संयोजकत्वमा यस अघि गठन गरिएको नगर स्तरीय योजना अनुगमन समिति र रु.२,००,०००|- दुई लाख) बजेट भन्दा मुनिका योजनाहरुको कार्यान्वयनका सम्वन्धमा सम्बन्धित वडाको वडाअध्यक्षको संयोजकत्वमा गठित अनुगमन समितिलाई देहाय बमोजिम पुनर्गठन गर्ने निर्णय गरियो।

बैठक संख्याः १७।२०८०
बैठक मितिः २०८०।०६।३०, समयः दिनको १:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

## तपसिल

### नगर स्तरीय योजना अनुगमन समिति

१. नगर उप-प्रमुख श्री तारा थापा - संयोजक
२. सम्बन्धित वडाको वडा अध्यक्ष वा प्रतिनिधि - सदस्य
३. कार्यपालिका सदस्य श्री सोम कुमारी सुनुवार - सदस्य
४. कार्यपालिका सदस्य श्री राजेन्द्र कुमार शाह वादी - सदस्य
५. इन्जिनियर श्री रजत अग्रवाल वा स.ई. श्री प्रविन साह - सदस्य
६. योजना शाखा प्रमुख वा सो शाखामा कार्यरत कर्मचारी - सदस्य सचिव

### वडा स्तरीय योजना अनुगमन समिति

१. सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक
२. सम्बन्धित वडाको वडा सदस्यहरु - सदस्य
३. नगरपालिकाको इन्जिनियर वा सम्बन्धित योजना हेर्ने प्राविधिक कर्मचारी - सदस्य
५. सम्बन्धित वडाको वडा सचिव - सदस्य सचिव

**निर्णय नं. ६**

राजश्व परामर्श समितिको मिति २०८०।०६।१९ गतेको बैठकको सिफारिस बमोजिमका विषयमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

**देहाय**

(१) रामधुनी नगरपालिका वडा नं. १ मा अवस्थित कृषि वजारमा रहेको पचास वर्ग फिटको एक वटा खाली रहेको सटर रामधुनी नगरपालिका वडा नं. १ निवासी श्री इधार खाँलाई मिति २०८०।०७।०१ देखि लागू हुने गरी २०८१ असार मसान्त सम्मका लागि रु.४०।- प्रति वर्ग फिटका दरले मासिक रु २०००।- (दुई हजार) मा भाडा लगाउने ।

(२) रामधुनी नगरपालकाले मिति २०८०।०३।१९ गते दोस्रो पटक आह्वान गरेको विज्ञापन ठेक्काका लागि सिलवन्दि दरभाउ पत्रमा श्री आकृति एडभटाइजिंग, विराटनगर ४ को वार्षिक कवोल अंक रु. ५१००००। को दर भाउपत्र सारभूत रुपमा प्रभावग्राही भई सम्झौताका लागि पत्राचार गरेकोमा उक्त फर्मले सम्झौता गर्न आउने अवधी भित्र वार्षिक कवोल अंकको ३५ प्रतिशत रु.१,७८,५००।-(एक लाख अठहतर हजार पाँच सय) रामधुनी नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरेता पनि तोकिएको अवधि भित्र वार्षिक कवोल अंकको ६५ प्रतिशत वरावरको रकम मिति २०८३ असार मसान्तसम्म कायम रहने गरी धरौटी जम्मा नगरेकाले सम्झौता हुन

नसकेकोमा निजले मिति २०८०।०६।०८ गते वार्षिक कवोल अंकको ६५ प्रतिशत बराबरको रकम रु.३३१५००।- ग्लोवल आइएमई वैकद्धारा मिति २०८३ असार मसान्त सम्म कायम हुने गरी जारी गरिएको वैंक ग्यारेन्टी कार्यालयमा पेश गरेकोले उक्त फर्मसंग सम्झौता गर्ने ।

(३) रामधुनी नगरपालिका वडा नं. ६ मा अवस्थित सिसुवा पोखरी ठेक्काको लागि सारभूत रुपमा प्रभावग्राही भई छनौट भएको श्री जेन नेक्स्ट एग्रिकल्चर प्रा.लि., रामधुनी ५ लाई सात दिन भित्र वार्षिक कवोल अंक रु ५१०००। को ३५ प्रतिशत आन्तरिक राजश्व खातामा र ६५ प्रतिशत धरौटी खाता वा बैक ग्यारेन्टीमा जम्मा गरी सात दिनको म्याद दिइ सम्झौता गर्न आउन पत्राचार गरेकोमा हाल सम्म तोकिएको रकम जम्मा गरी कार्यालयमा नआएकाले निजलाई पुन ७ दिनको अवधी दिई सम्झौता गर्न आउनका लागि पत्राचार गर्ने ।

(४) रामधुनी नगरपालिका वडा नं. ८ मा अवस्थित डुम्राहा पोखरी ठेक्काको लागि सारभूत रुपमा प्रभावग्राही भई छनौट भएको श्री जेन नेक्स्ट एग्रिकल्चर प्रा.लि., रामधुनी-५ लाई सात दिन भित्र वार्षिक कवोल अंक रु १०१०००। को ३५ प्रतिशत आन्तरिक राजश्व खातामा र ६५ प्रतिशत धरौटी खाता वा बैक ग्यारेन्टीमा जम्मा गरी सम्झौता गर्न आउन पत्राचार गरेकोमा निजले कवोल अंकको ३५ प्रतिशत रकम आन्तरिक राजश्व शाखामा समयमा नै जम्मा गरेको तर हाल सम्म धरौटी रकम जम्मा नगरेकाले उक्त फर्मलाई एक पटकका लागि ७ दिनको म्याद दिई धरौटी रकम जम्मा गरी सम्झौता गर्नका लागि पत्राचार गर्ने।

<u>निर्णय नं. ७</u>

रामधुनी नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुमा बसोवास गर्ने आर्थिक अवस्था कमजोर भई स्वास्थ्य उपचार गर्न समस्या परेका, विभिन्न संघसंस्थाको कार्यक्रमको विषयमा नगरवासीहरुलाई सम्बन्धित वडाको सिफारिस सहित आर्थिक सहायता उपलब्ध गराईदिन अनुरोध भई आएकोले चालु आ.व. २०८०|०८१ मा आर्थिक सहायता शिर्षकमा विनियोजित बजेट मध्येबाट निम्नानुसारको आर्थिक सहायता रकम सम्बन्धित व्यक्ति/संस्थालाई उपलब्ध गराइने निर्णय गरियो |

| क्र.स. | आर्थिक सहायता प्रदान गरिने व्यक्ति/संस्थाको नाम,थर /ठेगाना | आर्थिक सहायता प्रदान गर्नुपर्ने कारण | सम्बन्धित वडा/व्यक्ति/संस्थाको सिफारिस पत्रको च.नं. र मिति | आर्थिक सहायता रकम/जिन्सी | शिर्षक |
|---|---|---|---|---|---|
| १ | JCI तरहरा | JCI Nepal Master | २०८०|०६|०९ | रु.२५,०००|- | |

बैठक संख्याः १७।२०८०
बैठक मितिः २०८०।०६।३०, समयः दिनको १:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

| | | | | | |
|---|---|---|---|---|---|
| | | TOT 2023 कार्यक्रम | | | |
| २ | बालबालिका संग प्रतिस्पर्धा क्लब | खेलाडी सहभागिता तथा खेलकुद सामाग्री | २०८०।०६।०४ | रु.२०,०००।- | |
| ३ | सितिया मुसहरनी / वडा नं. ९ | क्यान्सर उपचार सहयोग | २९९/२०८०।०६।२२ | रु.१०,०००।- | |
| ४ | नेपाल माझी उत्थान संघ,जिल्ला कार्यसमिति सुनसरी | खेलकुद सहयोग | २५/२०८०।०६।२३ | रु.२०,०००।- | |
| ५ | खेलकुद समिति / वडा नं. ४ | फुटबल प्रतियोगोता सहयोग | २०८०।०६।१७ | रु.१५,०००।- | |
| ६ | बेस्ट संचार मिडिया प्रा.लि. रामधुनी | कार्यक्रम सहयोग | २४/२०८०।०४।३१ | रु.१५,०००।- | |
| ७ | मैत्री युवा क्लब / वडा नं. २ | कार्यक्रम सहयोग | २०८०।०६।३० | रु.२०,०००।- | |
| ८ | कल्प इम्पावर वेमन नेपाल /इटहरी-४ | कार्यक्रम सहयोग | | रु.१०,०००।- | |
| ९ | सिंगिया खानेपानी तथा सरसफाई उपभोक्ता समिति /वडा नं. ४ | आर्थिक सहायता | ५९५/२०८०।०६।०७ | रु.१५,०००।- | वडाको बजेटबाट |

बैठक संख्याः १७।२०८०
बैठक मितिः २०८०।०६।३०, समयः दिनको १:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. ८**

रामधुनी नगरपालिका नगर कार्यपालिकाका निर्णयहरु नगरवासी एवं सम्बन्धित सबैको जानकारीको लागि रामधुनी नगरपालिकाको website : https://ramdhunimun.gov.np मा प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

थारु समुदाय लगायत तराई मधेशवासी समुदायको महान चाड "जितिया पर्व" को पावन अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण रामधुनीवासी आमा बुवा, दाजुभाई तथा दिदीबहिनिहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोतर प्रगतिको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दै सम्वत् २०८० साल असोज १९ गते शुक्रबारका दिन रामधुनी नगरपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरु(स्वास्थ्य संस्था लगायतको अत्यावश्यक सेवा बाहेक) तथा सम्पूर्ण शिक्षण संस्थाहरुमा सार्वजनिक विदा दिईएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

श्री भादगाउँ सिनुवारी माध्यमिक विद्यालय, रामधुनी १ को च.नं. ०१० मिति २०८०|०४|३२ को पत्रबाट अनुरोध भई आए बमोजिम तत्कालिन भा.सि.गा.वि.स. वडा नं. ६(क) कित्ता नं. २३ को जगा क्षे. ०-१०-७ मध्ये उत्तर तर्फवाट क्षेत्रफल ०-३-५ मा मीटमार्ट संचालनार्थ रामधुनी नगरपालिकाको कार्यालय र भादगाउँ सिनुवारी माध्यमिक विद्यालय बीच २०७३ साल भदौ ३० गते सम्झौता भएकोमा उक्त मीटमार्ट सम्बन्धित विद्यालय आफैले संचालन गर्ने गरी मिति २०८० साल श्रावण महिनाबाट लागू हुने गरी सम्झौता रद्द गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

आ.व. २०८०|८१ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम तथा आ.व. २०७९|८० को सामाजिक परिक्षण कार्यक्रमको लागि सूचना प्रकाशन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

रामधुनी नगरपालिका वडा नं. १ स्थित बुधवारे र शनिवारे हटिया लाग्ने ठाउमा मिक्स गिट्टी हाल्ने, खानेपानीको पाइप र ट्युबवेल मर्मत सम्भार गर्नुपर्ने भई प्राविधिकं लागत अनुमान रु.८६,०००|- (छयासी हजार) पेश हुन आएकोले चालु आ.व. २०८०|०८१ को मर्मत सम्भार शिर्षकमा विनियोजित रकम मध्येवाट सो कार्य गराउने निर्णय गरियो ।

बैठक संख्याः १७।२०८०
बैठक मितिः २०८०।०६।३०, समयः दिनको १:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं. १३

रामधुनी नगरपालिकामा करार सेवामा कार्यरत अपाङ्गता सहायता सहजकर्ता पदमा कार्यरत श्री आशिष काफ्लेको आ.व. २०८०|०८१ मा श्रावण महिना देखि पौष मसान्तसम्म करार म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

रामधुनी नगरपालिकामा कार्यरत मेलमिलापकर्ता श्री भवानी ढकाललाई एउटा निवेदन उपर छलफल गराए वापत रु.१,५००|- (पन्ध्र सय) खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १५

रामधुनी नगरपालिका अन्तर्गत १ नं. वडा कार्यालयको च.नं. ५१४ मिति २०८०|०६|३० को सिफारिस पत्रानुसार उक्त वडाको सुनसरी मोरंग सिचाई १ को झुम्का बजार पुर्व हनुमान मन्दिर तथा जिम महान चोक छेउका विभिन्न स्थानहरुमा एकीकृत जितिय विशेष कार्यक्रमको अवसरमा नाला सफाई गर्न १३ (तेर्ह) घण्टा जे.सि.वि. लगाए वापत प्रति घण्टा रु.२५००|- का दरले जम्मा रु.३८,१३७|- (अठतिस हजार एक सय सैतिस) मर्मत सम्भार शिर्षकवाट भुक्तानीका लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १६

चालु आ.व. २०८०|०८१ मा पशु कार्यालय भवन निर्माण वडा नं. ५ को लागि रु.६,००,०००|- (छ लाख) बजेट विनियोजन भएकोमा भुलवस ठेगाना वडा नं. ५ लेखिन गएकोमा उक्त पशु सेवा कार्यालय निर्माण योजना वडा नं. ६ मा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

रामधुनी नगरपालिका वडा नं. ७ पंचायन टोलमा खानेपानीको समस्या भएकोले धारा जडान गर्नको लागि प्राविधिक लागत अनुमान तयार गरी चालु आ.व. मा मर्मत सम्भार शिर्षकमा विनियोजित रकम मध्येबाट सो कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

नेपालीहरुको महान चाड बडादशैं, दिपावली एवं छठ पर्वको पावन अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण रामधुनीवासी आमा बुवा, दाजुभाई तथा दिदीवहिनिहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोतर प्रगतिको हार्दिक मंगलमय शुभकामना दिने निर्णय गरियो ।